# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३८) काठमाडौं, मंसीर २० गते २०४५ साल (संख्या ३३


## भाग ३

श्री ५ को सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले भेरी अञ्चल बाँके र बर्दिया जिल्लाको देहायबमोजिम चार किल्लाभित्रको क्षेत्रलाई शाही बर्दिया राष्ट्रिय निकुञ्ज घोषित गरेको छ ।

शाही बर्दिया राष्ट्रिय निकुञ्जको चार किल्ला

पूर्वः– हर्रे डाँडादेखि बाँके चिसापानीसम्मको सुर्खेत–नेपालगञ्ज राजमार्गको खण्ड ।

पश्चिमः– मनावघाटदेखि उत्तर गेरुवा नदीको पश्चिमी किनारा हुँदै चिसापानी नजिक कर्णाली नदीको भंगालो फुटेको ठाउँसम्म त्यहाँबाट कर्णाली नदीको पश्चिम किनारा हुँदै उत्तरतर्फको सीमाना चुरेले कर्णाली भेटेको ठाउँसम्म ।

उत्तरः– चिसापानीबाट मुख्य पहाडको पानी ढलो समाती सुकरमाला, नरसिंह काँडा, भर्याङ, लेक पराजुली हुँदै हर्रेसम्मको मुख्य पहाडको दक्षिणी पानी ढलो ।

263

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दक्षिणः–

(क) बाँके चिसापानीबाट शुरू भै राँझा, वेतैनी अमोहिया, ढकेला, थानफेनासम्मको निकुञ्ज पथ ।

(ख) थानफेनाको आवादी छेउबाट महेन्द्र राजमार्गको उत्तरी किनारा र सो राजमार्गको छेउ हुँदै बबई नदीसम्म ।

(ग) त्यहाँबाट सोझै पश्चिम गै बबई नदीको पश्चिमी किनारामा भएको वरगदहा, सैनबार आवादी छेउको तारबार ।

(घ) सो वरगदहा सैनबारको तारबार हुँदै डुमरेनी, सिंहवाहिनी, रानीपुर, कर्मला, वलाती, औरेनी, मोतिपुर, वनखेत, महिनपुर, बटनपुर, गोब्रेला, चिटकैया र वेतैनीसमेतको आवादीको छेउ-छेउ हुँदै ठाकुरद्वारासम्मको राष्ट्रिय निकुञ्ज पथ र तारबार ।

(ङ) ठाकुरद्वाराको तारबारबाट खौराहा खोलाको पूर्वी किनारा हुँदै शिवपुर नजिक रहेको बर्दिया हात्तिसारसम्म ।

(च) हात्तिसारबाट सोझै पश्चिमपट्टि मनावघांटसम्म गएको गेरूवा नदी र खौराहा खोलाको भंगालो ।

निम्नबमोजिम चार किल्ला भएको तारबारले घेरिएको शिवपुर फाँटालाई पनि राष्ट्रिय निकुञ्जमा समावेश गरिएको छ ।

पूर्वः– ओरई नदी ।

पश्चिमः– मलियानाला ।

उत्तरः– साबिकको आरक्षको तारबार ।

दक्षिणः– मोहनपुरको कुलो ।

द्रष्टव्यः– खण्ड ३४ मिति २०४१।५।११ संख्या २० को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको शाही बर्दिया वन्यजन्तु आरक्ष घोषितसम्बन्धी सूचना खारेज गरिएको छ ।

आज्ञाले,
वीरेन्द्रनाथ खुंजेली
श्री ५ को सरकारको सचिव

268



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।